# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १] काठमाडौं फाल्गुन २० गते ०८ साल [संख्या ३०


भाग २

## अर्थमन्त्रालयको सूचना

ड्युटी फ्री भई आएको माल निकासाको निमित्त निवेदनपत्र दिने तकलीफ नगर्नुहोला भन्ने सूचना गजेटमा प्रकाश भइसकेको सबैला विदितै छ । ड्युटी फ्री को माल विदेशको बाटो हाम्रो सरहदमा लैजानेमा हाम्रो जुन जिल्लामा लाने हो, सो ठाउँको नगिच फलाना अड्डामा बाटाका म्यादबाहेक ७ दिनभित्र जचाउँछु, जचाउन सकिन र जचाइसकेपछि पनि सुगलान लगेको ठहरे ऐनसवालबमोजिम बुझाउँछु भन्ने कागज गराई लाग्ने महसूल लिई छाडी नगीच अड्डालाई जाँच्न मन्सार गोस्वाराले जनाउ दिने भन्सार गोस्वारालाई लेखी गएकोले सूचित गरिएको छ ।


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# सूचना

अर्थमन्त्रालयका सेक्टरी हिमालयशमशेर ज. ब. रा. कलकत्ता जानुभएको हुनाले निज फर्की नआएसम्म कायममुकायम सेक्रेटरी काम श्री पार्थिव शमशेर ज. ब. रा. बाट चलाउने गरी श्री माननीय अर्थमन्त्रीजीबाट आदेश भएको छ।

# सूचना

## भूलसुधार

०८ साल फाल्गुन ६ गतेको गजेट संख्या २८ को अर्थमन्त्रालयको सूचनामा—अर्थमन्त्रालयमार्फत निकासा भई गरी पठाउने रकमान्तर भन्सार रकम बन्दोबस्त अड्डाहरूबाट हुने बढाबढीको तारेख मुकर्रर गर्दा—भनी छाप्नुपर्नेमा भूलले केवल बढाबढीको तारेख मुकर्रर गर्दा मात्र छापिएकोले भूल सुधारने काम भएको छ।

सेक्टरी.
अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।